# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/७९
चलानी नं :- ८५८

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश, मैजुहिटी, काठमाडौं २०७३

मिति: २०७८/०८/२०

**मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धी अत्यन्त जरुरी सूचना।**

उपरोक्त सम्बन्धमा मिति २०७८ पौष ४ देखि पौष १८ गतेसम्म(१५ दिन) यस नगर कार्यपालिकाको कार्यालयबाट मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य संचालन हुनेहुँदा आ-आफ्नो मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्नुहुन अनुरोध छ ।

मतदाता नामावली दर्ता तथा अद्यावधिकको लागि निम्न बुँदाहरु ध्यान दिनुहुन अनुरोध गर्दछु :-

१. टोखा नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने-स्थायी बासिन्दा भन्नाले यही नगरपालिकाको नागरिकता भएको वा बसाई सराई गरी यस नगरपालिका अन्तर्गतको वडामा दर्ता भएको वा विवाहित महिलाको हकमा यस नगरपालिका अन्तर्गतको वडामा विवाह दर्ता भएको (स्थायी ठेगाना वा बसाई सराई यस नगरपालिकामा नभई घर/जग्गा भएको आधारमा नपाइने),
२. नगरपालिका कार्यालयमा मात्र नामावली संकलन/अद्यावधिक हुने,
३. एक पटक नेपाल भरी जहाँ-कहिँबाट फोटो खिचेको भए पून: फोटो खिच्न नपर्ने/नहुने,
४. संसोधन गर्नुपर्ने भएमा जिल्ला निर्वाचन कार्यालय मै जानुपर्ने,
५. मतदाता नामावली संकलन ऐन, २०७२ अनुसार बाबु-आमाको नामावली टोखा नगरपालिकामा भएता पनि छोरा-छोरीको स्थायी ठेगाना अन्तै भएमा टोखामा दर्ता/अद्यावधिक गर्ने नमिल्ने।

विस्तृत जानकारीको लागि सम्पर्क व्यक्ति बाबुराम गौतम, प्रमुख शिक्षा अधिकृत (अधिकृत दशौं) को फोन नं. ९८४१७५८९७१ मा सम्पर्क गर्नुहुन।

०७८/८/२०

(प्रकाश आचार्य)
प्रमुख प्रशासकीय अधिकृत